# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| खण्ड १ | अंक: १ | माघ, २२ गते २०८२ साल | (संख्या: ०५) |
|---|---|---|---|

### भाग-१

नगर सभाको मितिः २०८२/१०/१९ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बर्दघाट नगरपालिकाको मर्मत संभार कोष सञ्चालन ऐन-२०८२

**प्रस्तावनाः**

स्थानिय स्तरमा सार्वजनिक सम्पत्तिमा भएको क्षतिबाट स्थानीय जनताले भोग्नु परेका समस्याहरु लाई तत्काल समाधान गरी स्थानीय स्तरमा जनप्रतिनिधीहरुको उपस्थितिको अनुभुत गराई स्थानिय सम्पत्तिको उपयोगलाई प्रभावकारी र दिगो बनाउन मर्मत सम्भार कोषको परिचाल गर्नु पर्ने भएकोले सो कोषलाई व्यवस्थित एव्म पारदर्शी रुपमा सञ्चाल गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो ऐन बनाई जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम (मर्मत सम्भार कोष सञ्चालन ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन बर्दघाट नगरसभाबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात तुरुन्त लागु हुनेछ ।

**२.पभिाषाः** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "सार्वजनिक सम्पत्ति" भन्नाले सार्वजनिक रुपमा उपयोग गरिने स्थानिय स्तरका सडक, पुल, पुलेसा, खानेपानीको पाईप लाईन, सार्वजनिक भवन, विद्यालय भवन, कार्यालय भवन, सहकारी भवन, मठ, मन्दिर, सार्वजनिक शौचालय लगायत नगरपालिकाभित्र रहेका पूर्वाधार तथा अन्य सम्पत्तिलाई जनाउने छ ।

(ख) "नगर प्रमुख" भन्नाले बर्दघाट नगरापालिकाको प्रमुखलाई जनाउने छ ।

(ग) "उपप्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(घ) "नगर सभा" भन्नाले बर्दघाट नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ङ) "नगर कार्यपालिका" भन्नाले बर्दघाट नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दघाट नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(छ) "कार्यक्रम" भन्नाले स्थानीयस्तरका सरकारी कार्यालय भवन, सार्वजनिक सम्पत्तिको मर्मत सम्भार गर्ने कार्यक्रमलाई जनाउने छ ।

(ज) "कार्यालय" भन्नाले बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(झ) "ऐन" भन्नाले स्थानीय सरकारको सार्वजनिक सम्पत्ति मर्मत सम्भार गर्न तयार गरिएको मर्मत सम्भार कोष सञ्चालन ऐनलाई जनाउछ ।

**३. मर्मत संभार कोषको स्थापना :**

स्थानीय सार्वजनिक सम्पत्तिमा भएको क्षतिबाट स्थानीय जनतामा पर्न जाने असरलाई न्यूनिकरण गर्न र सार्वजनिक सम्पत्तिहरु लाई व्यवस्थित रुपमा सञ्चालन गर्न तथा सार्वजनिक सम्पत्तिको उपायोगिता बृद्धि गर्न सार्वजनिक सम्पत्तिमा पुगेको क्षतिलाइ तत्काल मर्मत सम्भार गर्न सम्भार कोष स्थापना गरिने छ । यस कोषमा देहाय वमोजिमको रकम जम्मा गरिनेछ ।

- नगरसभाबाट विनियोजन भएको रकम ।
- मर्मतको लागि भनि कुनै आयोजनाबाट कट्टा गरिएको रकम ।
- अन्य श्रोतबाट प्राप्त भएको रकम ।
- संघ/प्रदेश वा अन्य निकाय तथा श्रोतबाट प्राप्त भएको रकम ।

**४.मर्मत संभार कोषको उद्धेश्यः**

यस नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक सम्पत्तिहरुको व्यवस्थित रुपले मर्मत संभार गरि भविष्यमा हुने ठुलो क्षतिबाट जोगाउने एंवम् व्यवस्थित रुपमा सञ्चालन गरि सेवा प्रवाहलाई निरन्तरता दिने र स्थानीय जनसमुदायको अपनत्व बृद्धि गर्ने यस कोषको उद्धेश्य रहेको छ ।

## ५.मर्मत सम्भार कार्यनीतिः

यस ऐन अनुसार मर्मत सम्भार कार्यलाई मितव्ययी, दिगो र समुदायको अपनत्व अभिवृद्धि गराउनका लागि देहायका कार्यनीतिहरु अवलम्वन गरिने छ ।

क) मर्मत सम्भार कार्य गर्दो प्रचलित कानून वमोजिम श्रममुलक र  वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट गर्ने र हरित सडकको अवधारणा अवलम्वन गर्न प्रयास गर्ने ।

ख) मर्मत सम्भार कार्य गर्दा श्रमप्रदान वा ठेक्का प्रकृयाबाट योगदान वा कामदार हरुलाई सोभै प्रयोग गरी वा उपभोक्ता समितिको माध्यमबाट मर्मत कार्य गराउन सकिने छ ।

ग) स्थानीय जनसमुदायको ज्ञान, सिप, अनुभव र यो्ग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

घ) प्रत्येक वर्ष तत्काल मर्मत सम्भारका कार्यहरु गर्दा सम्भाव्य बाढी, नदी कटान क्षेत्र लगायतका अन्य जोखीमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सुचारु गर्नुपर्ने जस्ता कुराहरुलाई बढी ध्यान दिई मर्मत संम्भार कार्यलाई सहज र सरल बनाउने ।

ङ) सडक लगायतका पुर्वाधारहरुको निमार्ण कार्य सम्पन्न भएपश्चात लाभान्वित जनसमुदायलाई मर्मत सम्भार कार्य गर्ने प्रतिवद्धता सहितको जिम्मेवारी दिने ।

च) नियमित मर्मत सम्भारको कार्य सदैव चालु रहने छ तर वर्षातको समयमा थप व्यवस्था गरिने छ ।

छ) आकस्मिक मर्मत सम्भारको हकमा आवश्यकता अनुसार गरिने छ ।

ज) रोकथाम मुलक मर्मत सम्भारका हकमा भने सम्भावति जोखिमलाई हेरी श्रोतको आधारमा आर्थिक वर्ष भित्र कुनै समयमा पनि रोकथाम मुलक मर्मत सम्भारको कार्य गरिने छ ।

झ) मर्मत सम्भार कार्यमा सरकारी कार्यालय भवन, रङ्ग रोगन मर्मत लगायतका कार्यलाई प्राथमिकता दिईनेछ ।

ञ) मर्मत सम्भार कोष परिचालन गर्दा नयाँ निर्माण गर्ने कार्य गरिनेछैन ।

## ६. आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था :

(१) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई दीगो गरी सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति वा समुदायिक संस्थाले नगरपालिकाको स्वीकृतिमा आवश्यक सेवा शुल्क लिई छुट्टै कोष खडा गर्न सक्नेछ ।

**७. मर्मत संहार कोषः**

- ✓ नगरपालिका क्षेत्र भित्र निर्मित पूर्वाधारहरुको दीगोपनका लागि नियमित मर्मत संहार गरी निरन्तर सञ्चालनमा ल्याउन पूर्वाधार तर्फ बिनियोजित रकम मध्ये बाट पाच प्रतिशतसम्म रकम यस कोषमा राखी सोही प्रयोजनमा खर्च गर्नु पर्नेछ ।

**८. मर्मत संभार कोषको परिचालनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ को बुदा (क) को ९ बमोजिम “नगरपालिकाको चल, अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाव र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने” प्रावधान वमोजिम देहाय वमोजिम गर्ने ।

क) प्राविधिक प्रतिवेदन र लागत अनुमानका आधारमा रु ५ (पाच) लाखसम्म तत्काल मर्मत गर्नुपर्ने भएमा नगर प्रमुखस्तरीय निर्णय गराई मर्मत कार्य गर्नु पर्नेछ । उक्त योजनासंग सम्बन्धित समुह, समिती, संघ सस्थाको हकमा सहभागितामा मर्मत सम्भार गराइने छ ।

ख) अन्य मर्मत कार्यको हकमा नगर कार्यपालिकाको निर्णय वमोजिम हुनेछ ।

**९. कोषको आर्थिक व्यवस्थाः** कोषको आर्थिक व्यवस्था यस ऐनमा तोकिएवमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानून वमोजिम हुनेछ ।

**१०. निषेध गरिएको बारेः** कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजन वाहेक अन्य कार्यमा रकम खर्च गर्न निषेध गरिएको छ ।

**११. कोषको आय-व्ययको लेखा तथा सो को सार्वजनिकरणः** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून वमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोकेवमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको मासिकरुपमा भएको आम्दानी र खर्चको विवरण कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

**१२. लेखा परिक्षणः** (१) कोषको लेखापरीक्षण प्रचलित कानून वमोजिम हुनेछ ।

**१३. अनुगमन तथा सुपरिवेक्षण :** (१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ उपदफा (४) को “ख” (५) वमोजिम योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्नेछ । समितिले योजना अनुगमन तथा जाँचपास समितिको काम समेत गर्नेछ ।

**१४. ऐन को संशोधन र कार्यान्वयन:**

(१) यस ऐन लाई नगरसभाले आवश्यक परेमा संशोधन गर्न सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिका कार्यपालिकाले बनाउन सक्नेछ ।

**१५. बचाऊ र खारेजी:**

(१) यस ऐन मा व्यवस्था भएका कुराहरुको हकमा यसै ऐन  वमोजिम हुनेछ र यस ऐन मा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचानल, २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

(२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा नगरसभाले कोषलाई खारेज गर्न सक्नेछ ।

(३) यस अघि यस कोषबाट भए/गरेका खर्च रकम यसै ऐन वमोजिम खर्च भएको मानिनेछ ।

**आज्ञाले,**
**(बाबुराम पौडेल)**
**प्रमुख प्रशासकीय अधिकृत**

बर्दघाट नगरपालिका